अंक #१०
पौष, २०७४

# सिटिजन हेल्पडेस्क बुलेटिन

सिटिजन हेल्पडेस्क बुलेटिनको दशौँ अंकमा स्वागत छ। 'सिटिजन हेल्पडेस्क', विभिन्न जिल्लाहरुमा समुदायलाई सही सूचना प्रवाह गरी उनीहरुको दैनिकीलाई सहज बनाउन कार्यरत स्थानीय युवा स्वयंसेवकहरू Community Frontline Associates (CFA) ले नेतृत्व गरेको नागरिक अभियान हो। यसले, नागरिकहरूले स्थानीयस्तरमा भोगेका संवेदनशील समस्याको बारेमा सूचना संकलन गर्नुका साथै त्यस भित्रको यथार्थ पता लगाई सरकार, सञ्चार माध्यमहरू, दातृ निकायहरू र  समुदायलाई सही सूचना प्रवाह गरी उनीहरू बीचको अन्यौलता हटाउदै समग्र सरकारी निर्णयलाई सही दिशा दिन सहयोग गर्दछ।

## हल्ला



### जिवनपुर, धादिङ

"भूकम्प पीडित लाभग्राही सूचिमा नाम छुट्यो। अब त गुनासो फारम पनि बुझ्दैन भन्छन।"

### सुनकोशी, सिन्धुपाल्चोक

"अब गुनासो फारम भरेका भूकम्प पीडितहरुले अनुदान बापतको रकम पाउँदैनन् भन्ने हल्ला छ, के यो साँचो हो ?"

### महादेववेशी, काभ्रेपलाञ्चोक

"हामी भूकम्प पीडितहरुले अब गुनासो फारम भर्न नपाउने हो ?"

## यथार्थ

राष्ट्रिय पुनर्निमाण प्राधिकरणले भूकम्प प्रभावित ३१ जिल्लामा कुनै भूकम्प पीडितको लाभग्राही सूचिमा नाम छुटेको भए २०७४ मंसिर मसान्तभित्रमा स्थानीय तहमा गुनासो दर्ता गर्न सकिने गरि समय सिमा निर्धारण गरेको थियो।

गुनासो सम्बन्धी व्यवस्थालाई अँझै सरलिकृत गर्न भन्दै प्रधिकरणले गुनासो व्यवस्थापन सम्बन्धी कार्यविधिलाई नै परिमार्जन गरि स्थानीय तहलाई नै गुनासो सुन्ने अधिकार प्रत्यायोजन गरेको थियो।

तसर्थ, २०७४ मंसिर मसान्तभित्रमा गुनासो फारम नभरेका र लाभग्राही सूचिमा नाम छुटेका भूकम्प पीडितहरूले अनुदान बापत रकम पाउने छैनन्।

डा. भिष्मकुमार भुसाल
सह-प्रवक्ता
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
००९७७-९८५११२७७५७

# सवाल

**धुनेवेशी, धादिङ**

“विदेशमा बिरामी भएर नेपाल फर्कने कामदारले बिमा बापत के कस्तो सुविधा पाउँछन् ?”



**देउपुर, काभ्रेपलाञ्चोक**

“वैदेशिक रोजगारीका क्रममा नेपाली कामदार विदेशमा बिरामी परेको खण्डमा विदेश स्थित कार्यरत कम्पनी द्वारा के कस्तो सुविधा पाउँछन् ?”

# जवाफ

कुनै पनि व्यक्ति वैदेशिक रोजगारीकै शिलशिलामा बिरामी पऱ्यो भने उसको सम्पूर्ण उपचार खर्च कम्पनीले बेहोर्नुपर्ने हुन्छ। तर यहाँ बिरामि भन्नाले दुघटनालाई जनाउँदछ र सो दुर्घटना, काम गर्ने समयावधि भित्र भएको हुनुपर्दछ। काम गर्ने समयावधि भन्दा बाहेकको समयमा भएको दुर्घटनाको क्षतिपुर्ति भने रोजगारदाता कम्पनीले व्यहोर्दैन।

नेपाल फर्केर उपचार खर्च दावि गर्दा उपचार बापतको रकम पाउने सम्म्भावना अत्यन्त कम हुन्छ।

यदि कम्पीनले उपचार गरिदिएन र घर फर्कन पनि दिएन भने पीडितका परिवार तथा आफन्तले पीडितलाई वैदेशिक रोजगारीमा पठाउने म्यानपावर कम्पनी समक्ष गएर सम्पूर्ण जानकारी गराउनु पर्दछ।

सम्बन्धित म्यानपावर कम्पनीले विदेश स्थीत कामदार कार्यरत कम्पनीसंग समन्वय गरेर बिरामीको उपचार गर्ने व्यवस्था मिलाउनु पर्दछ साथसाथै कामदारलाई स्वदेश फिर्ता गर्ने प्रक्रियामा पनि सहयोग गर्नु पर्दछ।

विदेशमा बिरामी भएर नेपाल फर्कने कामदारले विमा बापत र नेपाल सरकारबाट पाउने सेवा सुविधाहरू देहाय बमोजिम छन् :

- निको नहुने रोग लागेमा बिमितले औषधोपचार खर्च प्राप्त गर्दछ।
- कामदारको अंगभंग भयो भने उसको क्षतिको अवस्था हेरेर बिमा कम्पनीले क्षतिपुर्ति प्रदान गर्दछ।

डाक्टरले परीक्षण गर्दा क्यान्सर, मृगौला, पूर्ण अन्धोपन, हृदयघात, प्यारालाईसीस, ट्युमर, मुख्य अंग प्रत्यारोपण, मुटुको शल्यकृया, कोमामा गएमा, गम्भीर दुर्घटना लगाएतका १५ ओटा घातक रोग लागे कामदारले उपचार खर्च बापत तत्कालै पाँच लाख रुपैयाँ पाउने व्यवस्था छ।

**मोहन अधिकारी**
प्रवक्ता
वैदेशिक रोजगार विभाग
काठमाण्डौ
००९७७-९८५११५५११०

**नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय**
वैदेशिक रोजगार विभाग
००९७७-१-४७८२४५४

# सवाल

**धुनेवेंशी, धादिङ**

"वैदेशिक रोजगारमा जानुपूर्व सिप सिकाईन्छ भन्ने पनि सुनेको छु। यस्तो सिप के के र कुन कुन ठाउँबाट सिकाईन्छ हामीलाई केहि थाहा छैन।"



**पाँचखाल, काभ्रेपलान्चोक**

"वैदेशिक रोजगारीमा जाँदा अनिवार्य सिप सिकेर जानुपर्ने हो ? वास्तविकता के होला ?"

# जवाफ

वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति लिनुपुर्व हरेक व्यक्तिले अनिवार्य रुपमा दुई दिनको अभिमुखिकरण तालिम लिनुपर्दछ। अभिमुखिकरण तालिम दिनका लागि नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय वैदेशिक रोजगार विभागले १५८ वटा संस्था सूचिकृत गरेको छ। अभिमुखीकरण तालिममा विशेष गरेर कामदारलाई कुन देशमा जाँदा के-के गर्न हुन्छ, के-के खान मनाही छ, कहाँ हिड्न निषेध गरिएको छ, त्यस देशको रहन सहन कस्तो छ, के-के कुरालाई कानुनमा कडारूपले निषेध गरिएको छ भन्ने बारेमा जानकारी गराईन्छ।

अभिमुखिकरण तालिममा सहभागी भएनभएको सम्बन्धित तालिम प्रदायक संस्थाले अनलाईन पद्धतीबाट हाजिर गर्दछन, जसलाई वैदेशिक रोजगार विभागले सोझै अनलाईनबाट अनुगमन गर्ने गर्दछ।

कम्पनीको माग अनुसार शिप सिकेर जाँदा काम गर्न सजिलो हुन्छ तर, वैदेशिक रोजगारीमा जाँदा कुनै शिप नै सिकेर जानु पर्छ भनेर कतै उल्लेख छैन।

इजरायलमा केयर गिभरकालागि जानेहरूको सन्दर्भमा भने अनिवार्य रुपमा सो सम्बन्धि शीपमुलक तालिम लिनुपर्दछ। जम्मा १८ वटा संस्थालेमात्र वैदेशिक रोजगार विभागबाट केयर गिभरकालागि तालिम दिने स्वीकृती प्राप्त गरेकाछन्।

**मोहन अधिकारी**
प्रवक्ता
वैदेशिक रोजगार विभाग
काठमाण्डौ
००९७७-९८५११५५११०

**शिवराम पोख्रेल**
उपसचिव
नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय
काठमाण्डौ
००९७७-९८४१५५२३३५

# मेरो कथा – अनुभुती र भोगाई





## ठगबहादुर श्रेष्ठ

### इर्खु, सिन्धुपाल्चोक

हामीले सिटिजन हेल्पडेस्क बुलेटिनको चौथो अंकमा वैदेशिक रोजगारीकालागि मलेसिया गएका ठगबहादुर श्रेष्ठको कथा प्रस्तुत गरेका थियौँ। इर्खु-३ छिपीचौर, सिन्धुपाल्चोकका ४२ वर्षीय ठगबहादुर श्रेष्ठ २०७३ साल असार १ गतेदेखि परिवारबाट सम्पर्क बिहीन भएका थिए। उनको अवस्था बुझ्न हामीले वैदेशिक रोजगारीमा जाँदा उनले घरमा छोडेर गएका कागजातहरु (श्रम सम्झौता, म्यानपावर कम्पनीलाई शुल्क बुझाएको रसिद, उनको पासपोर्ट, स्वास्थ्य परीक्षण) को प्रतिलिपि संकलन गरी उनको खोजीका लागि प्रकृया अगाडि बढाएका थियौँ। हामीले श्रेष्ठको परिवारसंग सर्म्पक गरी वैदेशिक रोजगारीमा गएका व्यक्ति र परिवारका सदस्यहरुको अधिकारको पक्षमा काम गर्ने संस्था सेन्टर फर माईग्रेशन एण्ड ईन्टरनेशनल रिलेशनलाई बुझाएका थियौँ।

प्राप्त कागजातको आधारमा खोजी गर्दै जाँदा उनी मलेसिया स्थित कुलाङ जेलमा रहेको र १७ अक्टोबर २०१७ मा जेलमुक्त हुने जानकारी प्राप्त भएको थियो। सोहि अनुरुप उनि १७ अक्टोबरमा जेल मुक्त भए। एक महिनासम्म मलेसियास्थित डिटेन्सन क्याम्पमा बसेका उनी २९ नोभेम्बर २०१७ मा मालिन्दो एयर मार्फत नेपाल आइपुगे। नेपाल फर्कन उनिसँग पैसा थिएन। परिवारले नेपालबाटै टीकट पठाएपछि उनी नेपाल फर्किए।

उनि जेल पर्नु भन्दा केहि दिन अगाडी राति एकजना नेपाली र मलेसियनबिच भनाभन भएको थियो। केहि दिनपछि ठगबहादुरले काम गर्ने कम्पनीमा प्रहरी आयो अनि महिलामाथी दुर्व्यवहार गरेको आरोपमा ठग बहादुरलाई पक्राउ गरेर लग्यो। उनी भन्छन्, - 'मलाई नेपालीले नै फसाएका थिए।'

उनीसंग अब विदेश जाने रहर छैन। न त विदेशममा पैसा कमाएर सुखी जीवन जिउने सपना नै बाँकी छ। डेढ वर्ष मलेसियामा बन्दी जीवन बिताएर घर फर्कीएका उनी यतिबेला गाउँमै दुख गरिरहेका छन्, पसिना आफ्नै माटोमा बगाइरहेका छन्। वैदेशिक रोजगारीका क्रममा फसाइएका ठगबहादुर जस्तै थुप्रै नेपाली सम्पर्कबाट बाहिर छन् तर, उनिहरुका आफन्तलाई कसरी खोज्ने, कहाँ खोज्ने कुनै जानकारी छैन। सायद विदेशमा अनाहकमा बन्दि जिवन बिताईरहेका ति सबै नेपाली स्वदेशमै दःख गरेर सुखी जिवन बिताउन चाहन्छन्।

## यो पनि थाहा पाईराखौं - सरकार द्वारा गरीएका नविनतम निर्णयहरु

- वैदेशिक रोजगार विभागको अनलाईन सेवा प्रदान गर्ने ईन्स्योरेन्स कम्पनीहरु (Link)
- वैदेशिक रोजगार विभागको अनलाईन सेवा प्रदान गर्ने बैङ्कहरु (Link)

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, जिल्लामा रहेर काम गरिरहेका CFA हरुले स्थानीय जनतासँग गरेका प्रत्यक्ष कुराकानी, सामुदायिक छलफल, सञ्चार माध्यमहरु र जिल्लामा कार्यरत विभिन्न संघ संस्थाका प्रतिनिधिबाट संकलन गरिएका सामाग्री हुन् । २०७४ कार्तिक १५ गतेदेखि २०७४ पौष १६ गतेसम्म ४ जिल्लाका करिव ९०० जना स्थानीयवासीसँग कुराकानी गरी तयार पारिएका टिप्पणीहरु यो बुलेटिनको सूचनाका प्रमुख स्रोत हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरिएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

## Accountability Lab द्वारा Local Interventions Group संगको सहकार्यमा प्रायोजित सिटिजन हेल्पडेस्क बुलेटिन ।

accountabilitylab

Local Interventions Group
data - driven development